☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

नेपाल सरकार

कृषि,वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम (पूर्वी भाग)

कार्यक्षेत्र: (रुकुम पूर्वी भाग र रोल्पा)

प.सं. :२०८३/०८४

च.नं.:

सूचना नं. ०४/२०८३/८४ प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०१

## कृषि तथा पशुपन्छी उधमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सुचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम पूर्वको चालु आ.व.०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात् (मिति २०८३/०५/२१) गते भित्र यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम को संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु कियाकलापहरु | कार्यक्रम विवरण | | | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| | | | | इकाई | परिमाण | कूल बजेट (रु लाखमा) | |
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषि उद्यमि | रुकुम पूर्व र रोल्पा जिल्ला भरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | पटक | २० | ८० | प्रस्तावको कुल लागतको बढिमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने |

निवेदन साथ संलग्न कागजातहरु

१. अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसार कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

२. निवेदकको व्यक्तिगत तथा तिन पुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

अर्जुन प्रसाद खनाल
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वितिय (प्रा.)

☎: ०८८-४१३११४
pmamp.piu.rukumeast@gmail.com

नेपाल सरकार
कृषि,वन तथा पर्यावरण मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम
## परियोजना कार्यान्वयन एकाइ, रुकुम (पूर्वी भाग)
कार्यक्षेत्र: (रुकुम पूर्वी भाग र रोल्पा)

प.सं. :२०८३/०८४
च.न.:

३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्वन्धित संरचना निर्माण तर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्वन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिस पत्र।

७. निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

८. सम्बन्धित स्थानीय तह कृषि/पशुसेवा शाखा वा वडा कार्यालयको सिफारिस पत्र ।

९. चालु आ.व. र अघिल्लो आ.व. मा कृषि उद्यमशिलता विकास कार्यक्रमको लागि अनुदान प्राप्त नगरेको स्व-घोषणा पत्र ।

<u>थप जानकारीका लागि</u>

कार्यक्रम कार्यान्वयन एकाइ, रुकुम पूर्व- ०८८-४१३११४, विनोद शाही, ना.प्रा.स., ९७४६९३०९१७
जोन प्राविधिक एकाइ, रोल्पा- ०८६-४४०१८८, सन्तोष कोहार, कृषि अधिकृत, ९८५७८२६१८८ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

अर्जुन प्रसाद खनाल
बरिष्ठ कृषि अधिकृत
रा.प.द्वितिय (प्रा.)